# हतुवागढी राजपत्र

## हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ५ सङ्ख्या : १ मिति : २०७८/०३/१०

## भाग-१

## हतुवागढी गाउँपालिका

हतुवागढी गाउँपालिकाको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

गाउँ सभाबाट स्वीकृत मितिः २०७८/०३/१०

# वार्षिक नीति तथा कार्यक्रम, २०७८

इत्यादी राजपत्र

हतुवागढी गाउँपालिकाको गाउँसभामा गाउँपालिका अध्यक्ष श्री प्रेम कुमार राईले
प्रस्तुत गर्नुभएको वार्षिक नीति तथा कार्यक्रम, २०७८

# "आर्थिक संबृद्धिको आधार, कृषि, उद्यम र पर्यटन पूर्वाधार"

गाउँ सभाबाट स्विकृत मितिः २०७८।०३।१०

हतुवागढी गाउँपालिका
घोडेटार, भोजपुर

# “आर्थिक संबृद्धिको आधार,
# कृषि, उद्यम र पर्यटन पूर्वाधार”

## हतुवागढी गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम-२०७८

गाउँसभाका
सम्पूर्ण सदस्यज्यूहरु,

संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थाको लागि इतिहासका विभिन्न कालखण्डमा राष्ट्र, राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको पक्षमा भएको आन्दोलनमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । यस गाउँपालिकाको निर्वाचित उपाध्यक्ष स्व. चन्द्रमा राई र वडा नं. ५ का वडा सदस्य स्व. जिवन राई प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) को प्रकोप २०७६ चैत्र देखि २०७७ को आधा समय सम्म सक्रिय रह्यो । कोभिड १९ को दोश्रो भेरियन्टको रुपमा पुन २०७८ वैशाख देखि हालसम्म फैलिरहेको छ । यो अवधिमा गाउँपालिकाको तर्फबाट यथासम्भव सतर्कता, सचेतना सावधानीका साथ स्वास्थ्य मापदण्ड अपनाउने प्रयास गरिएको छ । सयौंको संख्यामा परिक्षणबाट कोरोना पोजेटिभ देखिएता पनि होम आइशोलेशन, प्रा.स्वा.के मा स्थापित कोभिड बेडमा राखेर उपचार र धरान विराटनगर रेफर गरिएका सबै संक्रमितहरुको स्वास्थ्यमा सुधार भएको छ । खुशीको कुरा पालिका क्षेत्र भित्र संक्रमितहरु कसैले पनि दुखद खबर बन्नु परेको अवस्था छैन । यो सभा मार्फत सम्पूर्ण कोरोना पोजेटिभ संक्रमित हतुवाबासीहरुको सिघ्र स्वास्थ्य सुधारको कामना गर्दछु । यस महामारीमा अग्र पंक्तिमा खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, जनप्रतिनिधी, शिक्षक, कर्मचारी, टोल विकास संस्थाहरु विभिन्न संघसंस्था निकायहरु जसले आ-आफ्नो स्थानबाट महत्वपूर्ण भुमिका र सहयोग गर्नु भएको छ, सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । कोभिड नियन्त्रणको लागि निषेधाज्ञा र लकडाउनको पालना गरि असहज परिस्थितिलाई सहजरुपमा ग्रहण गरि गाउँपालिका बासीहरुले गरेको धैर्यता र सहयोगको लागि धन्यवाद दिदैं देश तथा प्रदेशमा रहनु भएका शुभेक्षुकहरुको शुभेच्क्षा र सहयोग प्रति धन्यवाद अभार प्रकट गर्न चाहन्छु ।

२०६२/६३ को ऐतिहासिक जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्न जनताबाट निर्वाचित प्रतिनिधिले बनाएको नेपालको संविधान मिति २०७२ अश्विन ३ मा जारी पश्चात कार्यान्वयनको चरणमा छ । संविधानत: व्यवस्था भएको केन्द्र, प्रदेश र स्थानीय तहको नँया संरचनामा ७५३ स्थानीय सरकार, प्रदेश सरकार र केन्द्र सरकारको गठन र निर्वाचन प्रक्रिया सम्पन्न भएर केन्द्र र प्रदेशको नीति तथा कार्यक्रम र बजेट बक्तव्य प्रस्तुत भइसकेको छ भने हामी पनि हाम्रो यस गाउँपालिकाको ९ औं गाउँसभामा आगामी आ. व. २०७८।०७९ को नीति तथा कार्यक्रम र बजेट बक्तव्य कार्यक्रममा आज समुपस्थित भएका छौं ।

हतुवागढी गाउँपालिकाको गाउँसभामा उपस्थित सम्पूर्ण महानुभावहरुमा गाउँपालिका तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

आज आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा स्थानीय तहको निर्वाचन भएको चार वर्ष पुरा हुँदैछ । नयाँ संरचना, नयाँ व्यवस्था, नयाँ प्रयोगको संक्रमणकालिन चरणको रुपमा नै

लिनुपर्छ । जनताको अपेक्षा धेरै हुनु स्वभाविक हो, हामीले परिकल्पना गरेको, सोचेको, थालेको महत्वपूर्ण कामहरु अपेक्षाकृत हुन सकेनन् । मुलत: स्थानीय तहमा आफ्नै भौतिक संरचनाहरु नहुनु, कर्मचारीहरुको अभाव, नियम कानूनहरु सरल र सहज नहुनु, गाउँ प्रोफाईल र आवधिक योजनाको खाका नहुनु लगायतको समस्याहरु हाम्रो लागि प्रतिकुल रहेको अवगत गराउन चाहन्छु । आ.व. २०७७।०७८ को योजनाहरु सञ्चालन गर्ने समयमा विश्वमा कोरोना भाईरस (कोभिड-१९) को प्रकोप फैलने क्रममा नेपाल सरकारले कोरोनाबाट बच्न जारी निषेधाज्ञालाई मध्यनजर गरि चालु आ.व. का काम कार्वाहीलाई उत्तरार्धमा पुऱ्याउदै छौं र आगामी आ.व. को लागि पनि यिनै विविध समस्याहरुलाई सम्बोधन गर्दै समस्या समाधानको भावी रणनीति सहित आज यस सभामा उपस्थित छौं । कोरोनाबाट बच्न र बचाउन हाम्रो पालिकाले पनि सुरु देखि हालसम्म सुरक्षाका विभिन्न ढाँचा र तरिकाहरु अवलम्बन गरिरहेको सबैलाई जानकारी भएकै छ । लकडाउनका कारण यातायात आवतजावतमा कठीनाईले निर्माण सामाग्री उपलब्ध हुन नसक्ने, भीडभाड गर्न नमिल्ने, सामाजिक दुरी कायम गर्नुपर्ने कारण विकास योजनाहरु अगाडी बढाउन नसकिएको यथार्थ कुरा अगाडी राख्न चाहन्छु । नेपाल सरकार अर्थ मन्त्रालयबाट केही शीर्षकका बजेटहरु कटाएर कोरोना प्रकोप व्यवस्थापन कोष व्यवस्था गर्ने र स्वास्थ्य तयारी, आइशोलेशन, स्वास्थ्य सामाग्री लगायतको व्यवस्थापन गर्नुपर्ने साथै अशक्त, असहायहरुलाई राहत वितरण समेत गर्न विभिन्न कोभिड रोजगार कार्यक्रम जस्ता शीर्षकमा रकम रकमान्तरण गर्नुपर्ने बाध्यात्मक अवस्था बन्यो । अझैंपनि कोरोना कहर जारी छ, कोरोनाबाट बच्ने बचाउने कुरा तत्कालको प्राथमिकतामा नै रहेको छ । यसै समयमा नीति कार्यक्रम र बजेट वक्तव्य प्रस्तुत गरी पारित गर्नुपर्ने अवस्थामा यस सभा सञ्चालन गरिएको छ ।

गाउँपालिकाको सम्पूर्ण विकास योजनाहरु गाउँपालिकाबासी सबैको सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका चरणहरु अवलम्बन गर्दै नेपालको संविधान, राष्ट्रिय प्राथमिकता, संयुक्त राष्ट्र संघद्वारा जारी दिगो विकासका लक्ष्यहरु, SDGs को अवधारणा, संघीय र प्रदेश सरकारले जारी गरेको नीति, कानुन तथा मापदण्ड र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई मार्गदर्शनको रुपमा लिईएको छ । स्थानीय स्रोत र साधनको अधिकतम उपयोग गर्दै स्थानीय पूर्वाधार सम्बन्धी आयोजनाहरु, रोजगारी र गरिबी न्यूनिकरण, विद्युतिकरण, वातावरण संरक्षण र विपद व्यवस्थापन, सुशासन, समावेशीकरणलाई सहयोग पुग्ने योजना कार्यक्रमलाई प्राथमिकता दिइएको छ । कम लागत छिटो प्रतिफल दिने जनसहभागीता जुट्ने र PPP मोडेललाई प्रोत्साहीत गर्ने गरी दातृ निकाय, सरोकारवाला सबैको सहकार्य र समन्वयमा गाउँपालिकाको विकास योजना तर्जुमा गरिएको छ । नेपाल सरकार संङ्घीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकारको नीति अनुसार यो आ.व. २०७८।०७९ बाट अनिवार्य रुपमा तीन आ.व. को मध्यकालिन खर्च संरचना (Mid Term Expenditure Framework-MTEF) लाई समेत नीति, कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने भएकाले आ.व. २०७८।०७९ को यथार्थ बजेट कार्यक्रम र आ.व. २०७९।०८०, २०८०।०८१ को समेतको आधारमा योजना कार्यक्रम तर्जुमा गरिएको छ । यो पटकको नीति तथा कार्यक्रममा शिक्षा, स्वास्थ्य, कृषि, रोजगार हाम्रो प्राथमिकता हुन् । तथापी, कोरोनाको कारण जनजीवन अस्तव्यस्त भएकोले यो पटकको बजेट प्रत्येक जनताहरुको टोल बस्ती सम्म पुऱ्याउने गरि प्रस्तुत गर्नुपर्ने अवस्था छ ।

सम्पूर्ण गाउँपालिका सभासदहरु

अब म आगामी आर्थिक वर्ष २०७८।७९ को प्राथमिकता र क्षेत्रगत नीतिहरु प्रस्तुत गर्दछु ।

प्राथमिकता :

१. दिगो विकासका १७ वटा लक्ष्यहरु (SDGs) का कार्यक्रमहरु,

२. कोरोना प्रकोपको व्यवस्थापन

३. पूर्वाधार विकासका कार्यक्रमहरु (सडक, खानेपानी, पुल, सिँचाई, भवन, शहरी विकास)
४. शिक्षा, स्वास्थ्यको गुणस्तर व्यवस्थापन,
५. आधुनिक कृषि व्यवसायिकरण, यान्त्रीकरण र पशू विकास एंव बजार,
६.पर्यटन पूर्वाधार विकास र प्राकृतिक पुरातात्विक सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्द्धन,
७. सामाजिक विकास तथा समावेशीताका कार्यक्रमहरु (समावेशी विकास, जातीय/लैगिंक विभेद, जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता, अशक्त लक्षित बालमैत्री),
८. युवाको क्षमता विकास, खेलकुद विकास र रोजगारी,
९.प्राकृतिक स्रोत तथा भूं-संरक्षण, वातावरण र जलवायु परिवर्तन,
१०.सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता पारदर्शिता, सुशासन र डिजिटलाइज प्रविधिको प्रयोग,
११.भू-उपयोग नीति निर्माण र बस्ती विकास,
१२.संस्थागत तथा क्षमता विकास,
१३.जनसहभागिता जुट्ने र आर्थिक प्रतिफल प्राप्त हुने योजनालाई नीतिगत रुपमा प्राथमिकता,
१४."विकास योजनाहरु लहडमा होइन, आवश्यकता र प्रतिफलमा आधारीत भएर हामी र भावि पुस्ताका लागि" भन्ने अवधारणाबाट अगाडी बढाइनेछ ।

## क्षेत्रगत नीतिहरु (विषयगत)

### क) सडक सम्बन्धी नीति

१. घोडेटार-मचुवाटार/चुवार/हलेदे सडक, घोडेटार-कावाखोला भोजपुर सदरमुकाम जोड्ने सडक, घोडेटार-सुनबालुवा धनकुटा जोड्ने सडक, घोडेटार-पुरानो तृतीय आमचोक जोड्ने सडकलाई प्राथमिकता दिई स्तरोन्नती गर्न प्रदेश/केन्द्र सरकार समक्ष अनुरोध गरिनेछ ।
२. सुनबालुवा घोडेटारको १८.५ कि.मि( को सडकलाई प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम अन्तर्गत संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय विकास पूर्वाधार आयोजना कार्यालय प्रदेश नं. १ इटहरी, भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर र हतुवागढी गाउँपालिका बिच समभ्रुदारी पत्रमा हस्ताक्षर सम्पन्न भैसकेकोले यथासिघ्र विस्तृत परियोजना -डि.पि.आर.) गरि निर्माण सुरु गरिनेछ । र यस सडकलाई क्रमशः घोडेटार, रानिवास, दिमालुङ्ग हुँदै चिसापानी खोताङ्ग बजार घुर्मि जोड्ने पहल गरिनेछ ।
३. अरुण नदिको सुनबालुवा, दुधकोशीको चुवार, कावा खोला निर्माणाधिन पक्की पुल यथासमयमा सम्पन्न गर्न निरन्तर पहल गर्दै अरुण नदि मचुवाटार र एकुवा खोला पक्की पुल यथासिघ्र सुरु गर्न प्रदेश सरकार/संङ्घीय सरकार सँग पहल गरिनेछ ।
४. घोडेटार फलामढुङ्गा दिमालुङ्ग बयाङ ग्रालाङ्खा दुई स्थानीय तहको केन्द्र जोड्ने सडक स्तरोन्नतीको लागि मुख्यमन्त्रि ग्रामिण सडक अन्तर्गत अघि बढाईने छ ।
५. चुवार घोडेटार भोजपुर सडकको स्तरोन्नतीको लागि आवश्यक पहल गर्दै भोजपुर सदरमुकाम देखि तराई जोड्ने मुख्य द्रुतमार्गको रुपमा विकास गर्न पहल गरिनेछ ।
६. सोया लुङथुङ्ग पिप्ले आम्जिराङ्ग मचुवा सडकलाई स्तरोन्नती गर्न पहल गरिनेछ ।
७. भविष्यमा अति आवश्यक पर्ने गाउँपालिका रिङ रोडको विकास तथा व्यवस्थापनका लागि यो वर्ष थप रणनीति तय गरि उक्त रिङ रोड निर्माण कार्यलाई अघि बढाइने छ । साथै वडा केन्द्रहरु देखि गाउँपालिका केन्द्र सम्मका सडकहरुको स्तरोन्नती गरि बाह्रै महिना सन्चालन हुने व्यवस्था गरिनेछ ।
८. सडक गुरुयोजनामा दुई तहको रिङ रोडको योजना अनुरुप बाहिरी रिङरोड दिमालुङ्ग-दितेनी-लुङ्गिन-हर्का-सिरिसे-गुर्धुम-प्रजातन्त्र मा.वि.-गोरुजुरे डाँडा-पुरानटेन-सोया गाउँ-दियना-लुङथुङ्ग-पिप्ले-लुङ्खिम-विद्या पोखरी-खुकैला-छोकुभेन अवतारी-दिमालुङ्ग जोडिनेछ ।

९. प्रत्येक वडा केन्द्रलाई सो वडाका टोल/बस्ती सम्म सडक सञ्जालले जोड्नलाई नयाँ ट्याक ओपन गर्नुपर्ने सडकहरुको निर्माण तथा व्यवस्थापनमा विशेष जोड दिइनेछ ।

१०. वडाका महत्वपूर्ण कृषि उत्पादन र निर्माण कच्चा पदार्थ उत्पादनका दृष्टिले महत्वपूर्ण रहेका स्थानहरुमा कृषि सडक सञ्जाल पुऱ्याइनेछ ।

११. गाउँपालिका सडक गुरुयोजना (RMTMP) तयार गरि सो अनुसार निर्माण भएका सबै सडकहरुको लगत संकलन, वर्गीकरण, दस्तावजीकरण र सडक क्षेत्राधिकार र जग्गाधनी लगत कट्टा गरिने छ ।

१२. सर्भे भएका साना सडकहरुमा स्थानीयहरुको माग बमोजिम निश्चित सहभागिता अनिवार्य गरिने छ ।

१३. निर्माण भई सकेका सडकहरुको मर्मत संभार सम्बन्धी नीति बनाईनेछ ।

१४. घोडेटार बजारमा ढल निकास तथा सडक ढलान क्रमश: गरिने छ ।

१५. अरुण नदीको सुनवालुवा निर्माणाधीन पुललाई यथा समयमा पुरा गराउनु निरन्तर पहल गर्दै चुवार दुधकोशी र मचुवाटार अरुणको पक्की पुल सहित सडक सञ्जाललाई यथाशिघ्र कार्य प्रारम्भ गर्न पहल गरिनेछ ।

१६. अति आवश्यक सडकहरुको सर्भे तथा डिपिआर निर्माण कार्य जारी राखिनेछ ।

१७. विभिन्न ऐतिहासिक तथा साँस्कृतिक रुपमा चिनिएका पर्यटकीय गन्तव्यहरुमा सरल र सहज पहुँचको लागि सडक सञ्जालको रणनीति निर्माण गरि तत्काल सो रणनीतिलाई अवलम्बन गरिनेछ ।

१८. यस पालिकाको एखुवा-चुवार-हलेदे-मचुवाटार-लुङ्खिम बेंसी-लामिबगर-सुनबालुवा-माझिगाउँ नदि तटिए क्षेत्र भएका सडक निर्माणको डिपिआर बनाइनेछ । यसलाई क्रमश: आमचोक, पौवादुम्मा, अरुण, षडानन्द, साल्पासिलिचो लगायतका जिल्लाका नदि तटिए करिडोर सडकको रुपमा विस्तार गर्न प्रदेश तथा संङ्घीय सरकार सँग माग गरिनेछ ।

१९. भोजपुरको दक्षीणी क्षेत्रमा २०६० को दशकमा सुरु गरिएको सडक निर्माण अभियान सँगै २०६६ पौष २५ मा हतुवागढी क्षेत्रमा स्काभेटर तारेर सडक निर्माणको प्रारम्भ गरिएको ऐतिहासिक पहल कदमीलाई स्मरणीय बनाउन उपयुक्त स्थानमा "सडक अभियान स्मारक" निर्माण गरि तत्कालिन समिति, चन्दा दाता र सहयोगीहरुलाई सम्मान गरिनेछ ।

## ख) खानेपानी र सरसफाई सम्बन्धी नीति

१. स्वच्छ र सफा खानेपानीको लागि "एक घर एक धारा" मिटर प्रंणालीको अवधारण लागू गरिने छ ।

२. हतुवागढी १ घोडेटार बजार खानेपानी व्यवस्थाको लागि वृहत हतुवागढी खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरि आ.व. ०७८।०७९ भित्र बृहत खानेपानी आयोजना सञ्चालन गरि मिटर सिस्टममा धारा वितरण गरिने व्यवस्था मिलाईनेछ ।

३. हतुवागढी १, २, ५, ६ को लागि कावाखोला र पिखुवाखोलाबाट बृहद लिफ्ट सिस्टमबाट खानेपानी योजनालाई यथासिघ्र कार्य सम्पन्न गराउन जोड दिदैं वडा नं. ३ र ४ छिर्लिङखोला, जोर आहाल लिफ्ट खानेपानी डिपिआर तयार गरि सुरु गर्ने र थप गाउँहरुमा पनि ठुला साना लिफ्ट प्रणालीको व्यवस्था गरिनेछ ।

४. खानेपानीको समस्या भएका बस्ती, गाउँहरुमा आवश्यकतानुसार सौर्य प्रणालीबाट साना लिफ्ट योजनाहरु सञ्चालनको लागि अध्ययन गरिनेछ ।

५. खानेपानीको मुहान/स्रोत संरक्षण, व्यवस्थापन गरिनेछ ।

६. RM-WASH-CC गठन गरी सरसफाई कार्यक्रम गरिनेछ ।

७. फोहरमैला व्यवस्थापनका लागि Landfield साइटको व्यवस्थानलाई थप प्रभावकारी बनाइनेछ ।

८. पानीको अभाव भएका विद्यालयहरुमा सरसफाइ शौचालय, फुलबारी र बगैचाको लागि आकाशे पानी संकलनको आवश्यक व्यवस्था गरिनेछ ।
९. जलाधार संरक्षण सम्बन्धी नीति निर्माण गरि जलाधार संरक्षणलाइ थप प्रभावकारी बनाई लगिनेछ साथै टोल बस्तीमा पोखरी निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१०. बाक्लो वस्तीहरुमा छानाको आकाशे पानी संकलन गरि वेमैासमी खेती पातीको लागि सिचाई गरिने व्यवस्था गरिनेछ ।.

## ग) विद्युत उर्जा र संचार सम्बन्धी नीति

१. आगामी आ.व. भित्र प्रदेश सरकार र संङ्घीय सरकार सँगको पहलमा हतुवागढी गाउँपालिकाको सबै वडाहरु क्रमशः १,२,४,५,९ र ३,६,७,८ मा केन्द्रिय विद्युतीकरण गरि **"उज्यालो हतुवागढी घोषणा"** गरिनेछ ।
२. सबै वडाहरुमा केन्द्रीय विद्युत प्रशारण, लघु जलविद्युत र वैकल्पिक ऊर्जाबाट विद्यतीकरण गरी उद्यम व्यवसायमा प्राथमिकता दिइनेछ ।
३. वैकल्पिक उर्जा प्रवर्धन केन्द्र/RERA कार्यक्रम सँग साझेदारीमा वैकल्पिक उर्जा अन्तर्गत आवश्यक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
४. सुधारीएको चुलो र नविकरणीय उर्जाको प्रयोगको कार्यक्रम गरिनेछ ।
५. सौर्य सडक तथा बजार बत्तिको व्यवस्था गरिनेछ ।
६. "सबैको घर उज्यालो कार्यक्रम" नीति र कार्यक्रम बनाइनेछ ।
७. टेलिफोन टावर, नेटवर्क समस्या समाधान र इन्टरनेट व्यवस्था क्रमशः गर्दै स्थानीय पत्रिका र सूचना मैत्री नीति बनाइनेछ ।
८. घना बस्ती र टाढा रहेका बस्तीमा सौर्य उर्जाको व्यवस्था गरिनेछ ।
९. सबै सरकारी कार्यालय, वित्तीय संस्था र विद्यालयहरुमा उर्जाको व्यवस्था गरी विद्युतिय रेकर्ड राख्ने र सेवा दिने व्यवस्था गरिनेछ ।
१०. सूचना सम्बन्धी हक र पारदर्शितालाई मध्यनजर गरि गाउँ कार्यपालिकाको कार्यालयबाट जारी हरेक निर्णय तथा महत्वपूर्ण कार्यलाई आम जन समुदाय सम्म पुर्‍याउन हतुवागढी गाउँपालिकाको वेभपोर्टलमा निर्णय, सूचना तथा कार्यक्रमहरु अपडेट गर्ने तथा गाउँपालिकाको मोबाइल एप्लिकेशनलाई थप व्यवस्थित बनाई सबै सरोकारवालाहरुको हातहातमा पुर्‍याइनेछ ।
११. नेपाल सरकारको नीति अनुरुप स्थानीय तहमा स्थापना गर्नुपर्ने भनिएको वाईफाई जोन निर्माण कार्यलाई हतुवागढी १, घोडेटार बजार र वडा केन्द्रहरुमा क्रमश अधि बढाइनेछ ।
१२. बढ्दो सुरक्षा जोखिमलाई मध्यनजर गर्दै तत्काल हतुवागढी १, घोडेटार बजारमा सि.सि.टि.भि. जडान कार्यलाई व्यवस्थित गरिनेछ र यस कार्यलाई सबै वडा कार्यालयहरुमा क्रमश विस्तार गरिनेछ ।
१३. गाउँपालिकाको वस्तुगत विवरण सहित गाउँपालिका प्रोफाईल निर्माण तथा अद्यावधिक गरि डिजिटलाईज रुपमा नयाँ पोर्टलको रुपमा सबैको पहुँचमा राखिनेछ ।

## घ) शिक्षा सम्बन्धी नीति

१. राष्ट्रिय शिक्षा नीति, प्रदेश नीतिसँग तादाम्यता राख्दै गाउँपालिकाका शिक्षा योजना कार्यक्रम तयार गरिनेछ ।
२. प्राविधिक शिक्षालाई विशेष जोड दिदैं स्नातक तहको पढाई सञ्चालनको लागि सरोकारवालाहरुको बृहत अन्तरक्रिया सहित समन्वय र सहकार्य गरिनेछ ।

प्रेम कुमार ...
अध्यक्ष

३. दश वर्षे गाउँ शिक्षा योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
४. शैक्षिक गुणस्तरका लागि प्रभावकारी अनुगमन, मुल्याकंन गर्ने व्यवस्था गरिनेछ ।
५. गाउँपालिकाको चण्डेश्वरी प्रा.वि. मा आवासिय कार्यक्रमको पुर्वाधार र कार्यविधि तयार गरि सोको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।
६. गाउँपालिका स्तरिय नमूना विद्यालय सञ्चालनार्थ यसै वर्ष देखि श्री सगरमाथा मा. वि. घोडेटारमा प्रा. वि. तहको पठन पाठन सञ्चालन गरि नमूना विद्यालयको रुपमा विकसित गरिनेछ ।
७. विद्यार्थी संख्या र भौगोलिक प्रतिकूलतालाई मध्यनजर गरी विश्लेषणको आधारमा दरबन्दी मिलान गरिनेछ ।
८. प्रस्तावित माध्यामिक विद्यालय आधारभूत विद्यालयलाई पूर्वाधार र आवश्यकताको आधारमा व्यवस्थापन गरिनेछ ।
९. गाउँपालिकाको सवै विद्यालयहरुमा इ-लाईव्ररी सञ्चालन तथा मिदास र इ- लर्निङलाई थप व्यवस्थित गरिनेछ ।
१०. आफ्नो मौलिक भाषा मातृभाषामा पठन पाठन गर्न यसै शैक्षिक शत्र बाट स्थानीय पाठ्यक्रम निर्माण गरि विद्यालयमा स्थानीय पाठक्रमलाई सुचारु गरिनेछ ।
११. गाउँपालिकाकै शैक्षिक हवको रुपमा **"हतुवागढी सार्वजनिक पुस्तकालय तथा ईश्वरमान राई अध्ययन प्रतिष्ठान"** लाई व्यवस्थित बनाउँदै लगिनेछ ।
१२. गाउँपालिका क्षेत्र भित्र रहनुहने सम्पूर्ण जनप्रतिनीधि एवं शिक्षक कर्मचारी र अन्य जन समुदायका बाल बालिकाहरुको गुणस्तरिय शिक्षा पहुँचलाई प्रभावकारी बनाउन **"शिक्षा क्षेत्रमा नीति राम्रो, सरकारी विद्यालयमा छोराछोरी हाम्रो"** भन्ने नीति अपनाइनेछ ।
१३. पूर्व प्राथमिक तहमा विद्यार्थीहरुलाई **"विद्यालय जाऔं, खाजा खाँऔ"** कार्यक्रमलाई प्रभावकारी व्यवस्थित, अनिवार्य र अभिभावकसँग जोड्ने गरी निरन्तरता दिइनेछ ।
१४. सबै विद्यालयमा **"हाम्रो विद्यालय, राम्रो विद्यालय अक्षय कोष"** स्थानीय अभिभावकको अगुवाईमा शुरु गरिनेछ ।
१५. गाउँपालिका भरीबाट उत्कृष्ट विद्यायल र शिक्षकलाई पुरस्कार व्यवस्था गरिनेछ ।
१६. शिक्षक कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१७. गाउँपालिकाभरीका माध्यामिक विद्यालय, आधारभूत विद्यालयहरुमा विषयगत दरबन्दी अनुसार सरोकारवाला निकायसँग समन्वय गर्ने नीति कार्यक्रम बनाइनेछ ।
१८. विद्यालय शैक्षिक सुधार एवं स्वयम सेवक व्यवस्थापन र परिचालन गरिनेछ ।
१९. सगरमाथा मा.वि.को बाली विज्ञान प्राविधिक धारको पढाई सञ्चालनको लागि आवश्यक व्यवस्था गरिनेछ ।
२०. शैक्षिक सुधार घोषणा पत्रलाई क्रमश लागु र पालना गर्न सरोकारवालाहरुलाई सकृय बनाईनेछ ।
२१. विद्यालय बाल शिक्षिका र कर्मचारीहरुलाई संघीय सरकारले सम्बोधन नगरेको खण्डमा न्यूनतम प्रोत्साहन प्रदान गरिनेछ ।
२२. विगत देखि आ.वि. मा.वि. को अनुमति पाएको तर दरवन्दि नपाएका विद्यालयलाई दरवन्दी मिलानमा समस्या हुँदा शैक्षिक सुधार अन्तर्गतको सहयोग निरन्तरता दिईनेछ ।
२३. शिक्षकहरुलाई प्रोत्साहन गर्न प्रा.वि., आ.वि. र मा.वि. तहका एक एक जनालाई उत्कृष्ट शिक्षक, घोषणा र पुरस्कारको व्यवस्था गरिनेछ ।
२४. शिक्षा क्षेत्रको गुणस्तरमा सुधार ल्याउन उत्कृष्ट वि.व्य.स., शि.अ.स. र उत्कृष्ट कक्षा ८ विद्यार्थी पुरस्कृत कार्यक्रम अवलम्बन गरिनेछ ।

२५. बालबालिकाहरुको मनोक्रियात्मक विकासलाई मध्यनजर गर्दै गाउँपालिका स्तरमा अन्तर विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।

२६. सिमान्तकृत वर्गका सन्ततिलाई छात्रवृत्ति र विपन्न परिवारका छात्र, छात्राको बाबु आमालाई रोजगारको अवसरमा थप प्राथमिकता दिइनेछ ।

२७. विद्यालयको कार्य सम्पादन र प्रतिस्पर्धाको आधारमा अनुदान दिने व्यवस्था गरिने छ ।

२८. विद्यार्थिहरुलाई पाठ्यपुस्तक बाहेक उत्पादनसँग जोडिने नीति अवलम्बन गरिनेछ ।

२९. आ.वि. तहका विद्यार्थिहरुलाई खेलकुद विकासका लागि आ.वि. पालिका स्तरिय रनिङ शिल्ड खेलकुद कार्यक्रम आयोजना गरिनेछ ।

३०. पहाडी र हिमाली क्षेत्रका विद्यालयहरुको नक्शाङ्कन र शिक्षक विद्यार्थि अनुपात पुनरावलोकन तथा वैज्ञानिक पुनसंरचना गर्न आवश्यक पहल गरिनेछ ।

## ङ) स्वास्थ्य सम्बन्धी नीति

१. १५ शैयाको "हतुवागढी आधारभूत अस्पताल" निर्माण कार्यलाई यथासिघ्र सुरु गरि हतुवागढी गाउँपालिका अन्तर्गत स्वास्थ्य क्षेत्रको गौरवको रुपमा तत्काल सञ्चालनमा ल्याइनेछ ।

२. हतुवागढी गा.पा.१ घोडेटार स्थित प्राथमिक स्वास्थ्य केन्द्र मार्फत स्वास्थ्य सेवालाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन टेलिमेडिसन प्रविधिलाई तत्काल कार्यान्वयनमा ल्याइ थप व्यवथित गरिनेछ ।

३. गाउँपालिकाका जन समुदायको स्वास्थ्य अवस्था र भौगोलिक विकटतालाई मध्यनजर गर्दै स्वास्थ्य सेवा विस्तारका लागि आयुर्वेदिक आरोग्य सेवा केन्द्र र हतुवागढी आँखा उपचार केन्द्र मार्फत प्रदान गरिने सेवालाई थप व्यवस्थित र विस्तार गरिनेछ ।

४. विभिन्न घटनाहरुबाट मनोवैज्ञानिक असर पुगेका गाउँपालिका क्षेत्र भित्रका व्यक्तिहरुको लागि निशुल्क मनोपरामर्श सेवा प्रदान तथा विस्तार गरिनेछ । साथै त्यस्ता व्यक्तिहरुको उद्धारका लागि थप सहयोग समेत गरिनेछ ।

५. सबै वडाहरुमा स्वास्थ्य चौकीको व्यवस्थापन गर्दै जनतालाई स्वास्थ्य सेवा सहज र पँहुचयोग्य बनाईनेछ ।

६. प्राथमिक स्वास्थ्य केन्द्र, घोडेटारमा आवश्यकता अनुसार उपकरण र जनशक्तिको व्यवस्थान गरिनेछ ।

७. गाउँपालिका क्षेत्र भित्र रहेका व्यक्तिहरुको स्वास्थ्य अवस्था बारे थाहा पाउन स्वास्थ्य प्रोफाइल तथा पोषण सर्भे जस्ता खोजमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. "अध्यक्ष सँग जनता स्वास्थ्य परिक्षण कार्यक्रम" अपाङ्ग र ६० वर्ष माथिका नागरिकलाई निशुल्क शिविर सञ्चालन गरिनेछ ।

९. महिला स्वास्थ्य स्वयंसेविकालाई क्षमता अभिवृद्धि गर्दै प्रोत्साहन सुविधा र स्वास्थ्य केन्द्र र सेवा ग्राही वीच पुलको काम गर्ने गरी प्रोत्साहन गरिनेछ ।

१०. महिलाहरुको पाठेघरको Pap Smear Camp र आङ खस्ने समस्याको पहिचान गरी निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

११. वडा सेवा केन्द्र पाएक पर्ने स्थानमा मापदण्ड अनुसारको स्वास्थ्य चौकी निर्माण गर्न जग्गा प्राप्तीलाई प्राथमिकतामा राखिनेछ ।

१२. एम्बुलेन्स सेवा विस्तार गरि गर्भवती, सुत्केरी, जेष्ठ नागरिक, अपाङ्ग, असहाय, अति विपन्न र दुर्घटनामा परेका विरामीलाई सहुलियतमा सेवा दिने व्यवस्था गरिनेछ ।

१३. गम्भीर प्रकृतिका रोगहरु- क्यान्सर, मुटु, कलेजो, मृगौला रोगीहरुलाई आर्थिक सहयोग तथा उपचारमा छुट दिनको लागि आवश्यक समन्वय र सहयोग गरिनेछ।

१४. स्वास्थ्य क्षेत्रमा थप सुधार तथा व्यवस्थापनका लागि अन्तर स्थानीय तह र अन्तर सरकार सहयोग तथा समन्वयको लागि आवश्यक कार्यहरु गरिनेछ।

१५. प्रा.स्वा.के. /हतुवागढी आधारभूत अस्पतालको लागि अपुग जग्गा खरिद प्रक्रिया अघि बढाइनेछ।

## च) कृषि, सिँचाई पशु र उद्यम सम्बन्धी नीति

१. कृषिमा व्यवसायीकरण तर्फ उत्प्रेरणा जगाउँदै "एक गाउँ एक उत्पादन" कार्यक्रम बनाईनेछ।

२. कृषि क्षेत्रको भण्डारण प्रविधिलाई थप व्यवस्थित गर्न गाउँपालिका स्तरीय कृषि शित भण्डारको निर्माण गरिनेछ।

३. आधुनिक रुपमा करेसाबारी निर्माण गरि स्वस्थ र स्वच्छ तरकारीहरु उत्पादनको लागि "सुख्खा करेसाबारी कार्यक्रम" को नीति बनाई तत्काल कार्यान्वयन गरिनेछ।

४. हतुवागढी गाउँपालिकालाई कागती क्षेत्र जोनको रुपमा घोषणा गरी आवश्यक अनुसन्धान, योजना तयार र कार्यान्वयन गरिनेछ।

५. कृषि क्षेत्रका संभावित कृषि प्रविधि र कृषि क्षेत्र सुधारका कार्यक्रमलाई व्यवस्थित गरि अघि बढाइनेछ।

६. बहु फलफुल खेतीलाई प्रोत्साहन गरि अनुदानका कार्यक्रमहरु (सुन्तला, आप, लिची, भुइकटहर, एवोकार्डो, किवी र केरा ड्रागन फल) खेती जस्ता विविध कार्यक्रमहरुलाई अघि बढाइनेछ।

७. कृषिमा आधारित उद्यममा सन्चालित अनुदानका लागि सम्बन्धित निकायमा आवश्यक समन्वय गरिनेछ।

८. रासायनिक मल तथा विषादिको प्रयोग तथा वितरणमा अनुदानमा आधारित कार्यक्रमहरु सञ्चालन गर्दै थप कृषि सेवा विस्तारलाई महत्व दिदै कृषकलाई प्रोत्साहन गरिनेछ।

९. निर्वाहमुखी परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरणको नीति अनुरुप कार्यक्रम बनाईनेछ।

१०. पशुपालन व्यवसाय ब्लक निर्धारण गरिनेछ।

११. दुग्ध संकलन केन्द्रको स्थापनाको प्रक्रियाको सुरुवात गरिनेछ।

१२. गाउँपालिकाको उपयुक्त क्षेत्रमा चिया तथा कफि खेतीको सम्भाव्यता अध्ययन गरी सम्बन्धीत संघ संस्थाहरु सँग समन्वय गरी चियाकफि खेती प्रणालीको सुरुवात गरिनेछ।

१३. कृषी तथा पशु बिमालाई कृषकहरु सम्म पुऱ्याउने अभियान सञ्चालन गरिनेछ।

१४. बाँझो जग्गालाई प्रयोगमा ल्याउने विशेष कार्यविधि बनाईनेछ।

१५. प्रत्येक घर परिवारबाट निस्कने फोहोर पानीलाई संकलन र प्रशोधन गरि करेसाबारी अभियान सञ्चालन गरिनेछ।

१६. कृषकलाई उत्पादनको आधारमा अनुदान दिने नीति बनाइनेछ।

१७. जमिनको वर्गीकरण र उपयोगिताको आधारमा प्रविधिको खोजि गरि सिँचाईलाई व्यवस्थापन गरिनेछ।

१८. मचुवा सिंचाई र फुकुवा खोला माङतेल कुलो सिँचाइ स्थानीय सरकार प्रदेश सरकार, संङ्घीय सरकार, स्वीस सहयोग र उपभोक्ताको साझेदारीमा आ.व २०७८।०७९ मा निर्माण कार्य सुरु गरिनेछ।

१९. सिंचाई कार्यक्रम अनुसार हतुवागढी ३ र ४ को तेर्से खोलामा पोखरी निर्माण गरि आकाशेपानी संकलन प्रदेश सरकार सँग यसै आ.व. सुरु गरिनेछ।

प्रेम कुमार राई
अध्यक्ष

## छ) युवा, खेलकूद तथा रोजगार सम्बन्धी नीति

१. "**स्वास्थ्यको लागि खेलकूद, सृजनशीलता अनुशासनमा एकजुट**" भन्ने नारासहित खेलकूद विकासको लागि आवश्यक क्यालेण्डर तयार गरिनेछ ।

२. प्रत्येक वडाकेन्द्र विद्यालय आसपास खेलमैदान निर्माण गरिनेछ ।
घोडेटार, दिमालुङ जमिन खेलमैदान, सुनाहाङ साकेन्वा खेलमैदान, पाल्लेपानी खेलमैदान, होमताङ्ग खेल मैदान, अवतारी खेलमैदान, हसनपुर खेलमैदान विस्तार कार्यक्रम सञ्चालन गरिनेछ ।

३. इन्डोर खेलको लागि कभर्डहलको योजना बनाइनेछ ।

४. कराते/उसु खेल प्रशिक्षण र प्रतियोगिता सञ्चालन गरिनेछ ।

५. युवाहरुलाई रोजगारीका अवसर श्रृजना गर्दै स्वरोजगार उन्मुख कार्यक्रमहरु तय गरिनेछ ।

६. वडास्तरीय युवा सञ्जाल गठन गरी युवाहरुको संस्थागत क्षमता विकास गरिनेछ ।

७. रोजगार सम्बन्धी परामर्श सेवा प्रारम्भ गरिनेछ ।

८. प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरि रोजगारीको अवसर सिर्जना सँगै योजनाको प्रकृति र आवश्यकता अनुसार निर्माण सामाग्रीहरुको समेत साझेदारी गरिनेछ ।

९. बरोजगारहरुको सूचीलाई थप वैज्ञानिक, पारदर्शि र मापदण्डमा पन सबैलाई सूचीकृत गरि स्वरोजगारका अवसरहरु प्रदान गरिनेछन् ।

१०. तोकिएका र आवश्यक उल्लेखित खेल मैदानहरु सार्वजनिक, वन तथा व्यक्तिको जग्गा भए त्यसलाई जग्गा प्राप्ती ऐन अनुसार पक्रिया अगाडी बढाइनेछ ।

## ज) वन तथा वातावरणसम्बन्धी नीति

१. वातावरण संरक्षण कोषलाई व्यवस्थित गरिनेछ ।

२. भुउपयोग सम्बन्धी नीति बनाई त्यसको कार्यान्वयन गरिनेछ ।

३. सार्वजनिक वन, सामुदायिक वन, निजि वनको संरक्षण र बहुउपयोग नीतिबारे सरोकार पक्षसँग परामर्श गरिनेछ ।

४. सार्वजनिक जग्गाको पहिचान, संरक्षण र वस्ती तथा बजार व्यवस्थापनसँग जोडिनेछ ।

५. फोहोरमैला व्यवस्थापन गरिनेछ ।

६. गाउँ वस्तीमा सेतो तथा फुसको छानालाई कम गर्दै वातावरणमैत्री गाउँपालिका बनाउने नीति अवलम्बन गरिनेछ ।

७. ढुंगा गिटी बालुवा उत्खनन् र सडक लगायत भौतिक पूर्वाधार निर्माण गर्दा भुक्षय र वन वातावरणलाई असर कम गर्ने गरी नीति बनाइनेछ ।

८. निजि क्षेत्रबाट पार्क निर्माणलाई प्रोत्साहित गर्न PPP (Public Private Partnership) मोडेल अपनाईनेछ ।

९. निर्मित सडकहरु अन्तिम अवस्थामा पुग्दै गएपछि सडकमा वृक्षारोपण कार्यलाई अनिवार्य गरिनेछ ।

१०. बजार क्षेत्रमा गाडिको लागि बसपार्क र आवश्यक जमघट हुने क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

११. प्रत्येक वडाका नागों डाँडाहरुमा **"पोखरी निर्माण अभियान"** लाई संघ संस्थाहरुको साझेदारी र स्थानीय बासीहरुको सहभागितामा निरन्तरता दिईनेछ ।

१२. वन्यजन्तु संरक्षण/आरक्षण स्थल निर्धारण गर्दै वन्यजन्तुले मानव रहनसहनमा पारेको असर बारे आवश्यक नीति निर्माण गरिनेछ ।

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

प्रेम कुमार राई

## झ) पर्यटन सम्बन्धी नीति

१. **"हतुवागढी पर्यटन क्षेत्र विकास गुरुयोजना"** सहित गाउँपालिका स्तरीय र अन्तरपालिका स्तरीय योजना निर्माण गरि सम्बन्धित निकायमा पहल गरिनेछ ।

२. प्राकृतिक, ऐतिहासिक, धार्मिक स्थलहरुको सूची तयार गरी संरक्षण र सम्बर्द्धन गरिनेछ ।

३. हतुवागढी दरबारको संरक्षण र पर्वर्द्धनलाई गौरवको आयोजनामा राखी सरोकारवालाहरुसँगको व्यापक छलफल पछी उपयुक्त Design Esitmate गरी PPP (Public Private Partnership) मा गर्ने गरी योजना तयार गरि आ.व. ०७८।०७९ मा नै काम सुरु गरिनेछ ।

४. घोडेटार देखि गढी संखामडाँडा-दिमालुङ (पूर्णेडाँडा) सम्म पैदलमार्ग जोड्ने योजना यहि आ.व.मा सुरु गरिने र विभिन्न स्थानबाट ठाडो सिढिबाट उक्त पैदलमार्गलाई जोडिने छ ।

५. दिमालुङ्ग (ढुंगालाई) स्थापीत गर्दै दिमालुङ्ग स्मृति पार्क र दिमालुङ्ग पार्क निर्माणलाई प्रदेश सरकारको सहयोगमा निरन्तरता दिईनेछ ।

६. हतुवागढीको उच्च स्थान संखामचुलीमा डाँडामा भ्यू टावर निर्माणलाई प्रदेश सरकारको सहयोगमा निरन्तरता दिईनेछ ।

७. होमस्टे सन्चालनका लागि अध्ययन भ्रमण, तालिम र स्थान छनौटको कार्यक्रम राखिनेछ ।

८. अरुण र दुधकोशीमा ¬याफ्टिङ, जलयात्रा सरोकारवाला संघसंस्था, व्यवसायी, साथै बेलका नगरपालिका, शहिदभूमि गाउँपालिका र आमचोक गाउँपालिकासँग सहकार्य गरी योजना निर्माण गरिनेछ ।

९. नदी किनार आसपासमा पर्यटक, पाहुना स्थल (Hut, Swimming Pool) लाई प्रवर्द्धन गरिनेछ ।

१०. पर्यटन विकास, खानेपानीको स्रोत संरक्षण र वितरणका लागि जोरआल, तेर्सेखोलामा आकाशे पानी संकलन ड्याम निर्माण गरिने छ ।

११. हतुवागढी रोक्तां खोला अवस्थित इन्द्रेणी झर्नाको संरक्षण, सम्बर्द्धन र प्रचार प्रसार गरिनेछ ।

१२. साँस्कृतिक र पर्यटकीय हिसाबले निम्न स्थानहरुको डि.पि.आर. गरि आवश्यक योजना बनाईनेछ ।

(क) भविष्यवक्ता पोखरी
(ख) माईवेनी मन्दिर
(ग) किराँत संग्राहलय
(घ) ईन्द्रेणी झरना
(ङ) महादेव स्थान गुफा
(च) सयवृक्ष
(छ) फलामढुङ्गा संरक्षण र पोखरी निर्माण
(ज) लुङ्खिम संरक्षण
(झ) सिम्सारादेवी संरक्षण
(ञ) चारपाटे पोखरी (आहाल)
(ट) सिलासुत्केरी ढुङ्गा
(ठ) विद्यापोखरी
(ड) चमेरे गुफा
(ढं) जोर आहाल
(ण) लुङथुङ संरक्षण
(त) विभिन्न वडाबाट सिफारिस भइ आएका स्थानहरु

मणिराम खतिवडा

प्रेम कुमार राई

९. मानव अधिकार संरक्षण सम्बन्धी कार्यक्रमहरु गरिनेछन् ।
१०. पारदर्शिता र जवाफदेहितको अभिवृद्धि गरिनेछ ।
११. विकास, आयोजनाहरुको अनुगमन, मुल्यांकन, सार्वजनिक परिक्षण गरेर मात्र अन्तिम फछ्यौट गर्ने व्यवस्था गरिनेछ ।
१२. पूर्वाधार योजनाहरु गुणस्तरीय, समय सिमा र पारदर्शितालाई मूख्य सूचक बनाइनेछ ।
१३. गाउँपालिका तथा वडा कार्यालय निर्माणको लागि जग्गा व्यवस्थापन तथा भवन निर्माण प्रक्रिया अगाडी बढाइनेछ ।
१४. गाउँपालिकाभरीका सबै निजामति कर्मचारीलाई वार्षिक रुपमा उत्कृष्ट काम गरेबापत प्रोत्साहन स्वरुप सम्मान कार्यक्रम सञ्चालन उनीहरुको क्षमता अभिवृद्धिका कार्यक्रम तथा कार्यसम्पादनका आधारमा प्रोत्साहन स्वरुप आवश्यक सुविधा समेत प्रदान गरिनेछ ।
१५. गाउँपालिका परिसर, बजार क्षेत्रहरुको आवश्यक सुधार र व्यवस्थापनको लागि नगर प्रहरीको सेवालाई सञ्चालन व्यवस्थापन नियमन नीति निर्माण गरि सो बमोजिम प्रभावकारी रुपमा जनताको सेवामा लगाईनेछ ।

## ड) प्राकृतिक प्रकोप र विपद व्यवस्थापनसम्बन्धी नीति

१. प्राकृति प्रकोप र विपद व्यवस्थापन कोषलाई व्यवस्थापन गरीनेछ ।
२. प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनको पूर्वतयारी रोकथाम सम्बंन्धी तालिम तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
३. प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापनको लागि स्थानीय नीति बनाईनेछ ।
४. स्थानीय, प्रदेश र केन्द्र सरकार अन्तर तहगत समन्वयमा जोड दिईनेछ ।
५. गाउँपालिका भित्रका जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन गरि योजना तर्जुमा गरिनेछ ।

## ढ) राजश्व तथा कर प्रशासनसम्बन्धी नीति

१. राजश्व परामर्श समितिको प्रतिवेदनको आधारमा कर नीति अवलम्बन गरिनेछ ।
२. कर प्रणालीलाई वैज्ञानिक र व्यवहारीक बनाउँदै सम्पती कर लागू गर्ने तयारी गरिनेछ ।
३. "कर हामीले हाम्रै सुविधा र विकासको लागि हो" भन्ने भावनाको विकास गरिनेछ ।
४. करदाता सचेतना शिक्षा सञ्चालन गरिनेछ ।
५. सबै वडा केन्द्रहरुमा कर सम्बन्धी सचेतना कार्यक्रम गरिनेछ ।

## ण) भूमि, घर जग्गा धनीपूर्जा र वस्ती विकास सम्बन्धी नीति

१. संघ र प्रदेश कानुनको अधिनमा रही विगतमा संस्था चलाउन तथा विकास निर्माण गर्न पर्ती, ऐलानी र संस्थाको नाममा रहेको जग्गा भोगचलन अनुसार अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने उपयुक्त विधि र प्रक्रिया अपनाइनेछ ।
२. सेवा केन्द्र स्थापना गर्न आवश्यकताअनुसार पर्ती, ऐलानी र वनक्षेत्रको जग्गालाई सार्वजनिक हितमा प्रयोग गर्न आवश्यक कानुनी प्रक्रिया सरोकार पक्षसँग पारस्परीक रुपमा गरिनेछ ।
३. व्यक्तिको जग्गा प्राप्तीलाई अत्यावश्यक निश्चित आधार मापदण्ड निर्माण गरी जग्गा प्राप्ती ऐन बमोजिम जग्गाप्राप्त गरीने व्यवस्था गरिनेछ ।
४. भूमिहिन सुकुम्वासी, दलित र अन्य अव्यवस्थित रुपमा बसोबास गरेका व्यक्तिहरुको विवरण एकिकृत अद्यावधिक र प्रणालीमा प्रविष्टी गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ ।

५. एकीकृत वस्ति विकासको विशेष नीति र कार्यक्रम गरिनेछ।
६. सार्वजनिक र संस्थागत जग्गाहरुको अमिनी ल्याइ एकिन नापजाँज गरिनेछ।
७. विपन्न दलित/जोखिम घर परिवारलाई फुसको छाना विस्थापित र आवासको लागि विपन्न जनता आवास कार्यक्रम सञ्चालन गरिनेछ।

## त) तालिम, स्रोत व्यक्ति र संस्थागत विकाससम्बन्धी नीति

१. कार्यालयका जनप्रतिनीधि तथा कर्मचारीलाई आवश्यक विभिन्न तालिमहरुलाई समय सापेक्ष थप व्यवस्थित बनाईदै लगिनेछ।
२. स्थानीय स्रोत व्यक्ति तथा प्रशिक्षकहरु उत्पादनमा ध्यान दिइनेछ।
३. विभिन्न शिर्षकमा तालिम लिनेहरुको तथ्याकं संकलन, अनुगमन, क्रियाशिलता र सिर्जनशिलताको आधारमा पुनःताजगी कार्यक्रम सञ्चालन गरिनेछ।
४. सरकारले बनाउने कानुन र विधिसँग सामन्ज्यस्य हुने गरी सबैखाले जनशक्तिको ग्रेडिङ र प्रमाणित गरी ज्यालाको निर्धारण गरिनेछ।

## थ) न्यायीक क्षेत्र सम्बन्धी नीति

१. प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना र प्रभावकारी सञ्चालनको नीति तयार गरिनेछ।
२. न्यायिक समितिलाई क्षमता विकास, यसको प्रभावकारीता तथा एकजना अधिवक्ता नियमित कर्मचारीको रुपमा राख्ने व्यवस्था गरिनेछ।
३. विभिन्न कारणले अड्डा अदालत गई हुने समय र धनको खर्चलाई न्यायिक समिति र मेलमिलाप केन्द्रबाट समाधान गरि शान्तिपूर्ण समाज निर्माणमा जोड दिइनेछ।

## द) विविध नीति

१. इलाका प्रशासन कार्यालय स्थापनाको लागि आवश्यक पहल गरीनेछ।
२. प्रत्येक आर्थिक वर्षको जेष्ठ मसान्तभित्र सम्पूर्ण योजना तथा कार्यक्रमहरु सम्पन्न गरी विल, भरपाई कागजातहरु पेश गरी भुक्तानी प्रक्रिया सम्पन्न गर्नुपर्ने नीति अवलम्बन गरिनेछ।
३. संङ्घीयताको पहिलो चरणमा निर्वाचित जनप्रतिनिधीहरु कार्यकालको बिचैमा स्वर्गारोहण हुनु हुने स्व. चन्द्रमा राई, स्व. जिवन राई र हतुवागढी क्षेत्र घोडेटारमा स्थापित श्री सगरमाथा मा.वि. का संस्थापक अध्यक्ष एवं शिक्षाप्रेमी, समाजसेवी स्व. कल्याण बहादुर बस्नेतको तथा स्मृतिमा स्मरणीय योजना बनाईनेछ।
४ कला साहित्य तथा संस्कृतिलाई थप संरक्षण तथा सम्वर्द्धन र प्रोत्साहन गरिनेछ।
५. गाउँपालिकाको उपयुक्त स्थानमा स्थानीय पहिचान झल्कने गेट, चोक, पार्क र मुर्ति स्थापना गरिनेछ।

अन्त्यमा, यस गाउँपालिकाको लागि आगामी आर्थिक वर्ष २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाँउदा अत्यन्त हर्षित छु र वार्षिक नीति तथा कार्यक्रम बमोजिम कार्यक्रम तथा योजना निर्माण गर्न यस गाउँपालिकाका सबै सम्बन्धीत जनप्रतिनिधिहरुलाई आग्रह गर्न चाहन्छु र वार्षिक नीति तथा कार्यक्रम अनुसार कार्यान्वयन पक्षमा साथ, सहयोग, समन्वय, सहकार्य गर्नका लागि सरोकारवाला सम्पूर्ण जनसमूदायलाई आग्रह गर्न चाहन्छु। यस गाउँपालिकाको आर्थिक वर्ष

प्रेम कुमार रा
अध्यक्ष

२०७८/७९ को नारा **"आर्थिक संबृद्धिको आधार, कृषि, उद्यम र पर्यटन पूर्वाधार"** लाई सार्थक बनाउने प्रतिवद्धताका साथ वार्षिक नीति तथा कार्यक्रम प्रस्तुतीलाई यहि अन्त्य गर्दछु । धन्यवाद ॥

प्रमुख प्रशासकीय अधिकृत

प्रेम कुमार रा
अध्यक्ष

<u>आज्ञाले:</u>

**मणिराम खतिवडा**

**प्रमुख प्रशासकीय अधिकृत**

हलेसी तुवाचुङ राजपत्र